# BLUEPRINT FOR ENGLISH LANGUAGE LEARNERS (ELLS) SUCCESS
## अङ्ग्रेजी भाषा प्रशिक्षार्थीहरू (ELLS) को सफलताको खाका (ब्लुप्रिन्ट)

न्यूयोर्क राज्य शिक्षा विभाग (NYSED) अन्तर्गत दोभाषे शिक्षा तथा वैदेशिक भाषा अध्ययन कार्यालय (OBE-WL) को लक्ष्य अङ्ग्रेजी भाषा प्रशिक्षार्थी (ELLs) लगायत सबै न्यूयोर्कवासी (NYS) विद्यार्थीले उच्चस्तरीय शैक्षिक सफलता तथा भाषिक दक्षता हासिल गरून् भन्ने कुराको सुनिश्चित गर्नु हो । हामी बहुभाषिक शिक्षामा सबै विद्यार्थीहरूको व्यक्तिगत शैक्षिक दिशा र सामाजिक–संवेगात्मक आवश्यकताहरू हासिल होऊन् भन्ने कुराको सुनिश्चित गर्ने प्रयास गर्दछौँ, जसले गर्दा उनीहरूलाई कलेज तथा व्यावसायिक तयारीको दिशामा डोऱ्याउन सकियोस् ।

परिवर्तनशील विश्वव्यापी अर्थतन्त्रको प्रतिक्रियास्वरूप विद्यार्थी, शिक्षक, र अभिभावकहरूलाई कलेज तथा व्यावसायिक तयारीको मार्गमा डोऱ्याउने स्पष्ट अपेक्षाहरूप्रति सचेत गराउनको लागि NYSED ले मूलभूत सिकाइका साझा मानक (CCLS) लाई अपनाएको छ । गत दशकमा न्यूयोर्क राज्य (NYS) का सार्वजनिक विद्यालयहरूमा ELL को रूपमा भर्ना हुनेहरूको सङ्ख्यामा वृद्धि भएको छ, जसको फलस्वरूप १६० भन्दा बढी भाषा बोल्ने विद्यार्थीहरूको जनसङ्ख्या २१४,३७८ पुगेको छ । यी विद्यार्थीहरूको सफलताको लागि NYSED ले स्कुलहरूलाई उपयुक्त सहयोग, मातृभाषा मूल्याङ्कन तथा सामग्रीहरू उपलब्ध गराउनु जरुरी हुन्छ, जसले गर्दा शिक्षकहरूले विद्यार्थीहरूलाई सही स्तर हासिल गर्न सक्षम बनाउने किसिमको अध्यापन गराउन सकून् । शिक्षा आयुक्त, भाग १५४ अन्तर्गत रहेका नियमावली बमोजिम OBE-WL ले ELL हरूलाई बिना सहयोग अङ्ग्रेजी–भाषी वातावरणमा घुलमिल हुन दिँदा उनीहरू शैक्षिक रूपमा सफल बन्न सक्छन् भन्ने कुरा मान्नु अनुचित ठहऱ्याएको छ ।

NYSED P-12 मूलभूत सिकाइका साझा मानक (CCLS) अनुसार प्रत्येक शिक्षकले ELL लगायत सबै विद्यार्थीलाई प्राज्ञिक भाषा र चुनौतीपूर्ण विषय अध्यापन गराउन तयार रहनुपर्ने हुन्छ । ELL हरूलाई विषयगत ज्ञान आर्जन गर्दागर्दै अङ्ग्रेजी भाषामा पनि दक्षता हासिल गर्नमा सहयोग पुऱ्याउन सबै शिक्षकहरू सक्षम हुनुपर्दछ । सबै शिक्षकहरूले CCLS मापदण्ड अनुरूपको स्तर हासिल गर्ने सुनिश्चितता गर्न सबै विषयगत क्षेत्रहरूमा ध्यान दिनु अनिवार्य हुन्छ ।

ELL हरूलाई पूर्व-किण्डर्गार्टेनदेखि शुरु भएर कलेज तथा व्यावसायिक तयारीको लागि जग बसाल्ने कार्यमा सफल बनाउन प्रशासक, नीतिनिर्माता, र व्यवसायी (शिक्षक) हरूको लागि अपेक्षाहरू स्पष्ट पार्न राज्यव्यापी खाकाको रूपमा निम्न सिद्धान्तहरूको विकास गरिएको छ । यी सिद्धान्तहरू जिल्ला, स्कुल, र शिक्षकहरूलाई मार्गनिर्देशन, स्रोत र सहयोग उपलब्ध गराउनुको साथसाथै दोभाषे शिक्षा, दोस्रो भाषाको रूपमा अङ्ग्रेजी र विदेशी भाषा अध्ययनको बृहत्तर बुझाइ र सम्मानको प्रबर्धन गर्ने उद्देश्यले तयार पारिएको हो ।

## BLUEPRINT FOR ENGLISH LANGUAGE LEARNERS (ELLS) SUCCESS
**अङ्ग्रेजी भाषा प्रशिक्षार्थीहरू (ELLS) को सफलताको खाका (ब्लुप्रिन्ट)**

**ELL हरूको सफलताको लागि तयार पारिएको खाकालाई मार्गनिर्देशन गर्ने सिद्धान्तहरू:**

**१. सबै शिक्षकहरू अङ्ग्रेजी भाषा प्रशिक्षार्थीका शिक्षक हुन् र सोही बमोजिम निम्नानुसार योजना बनाउनुपर्दछ:**

- व्यक्तिविशेषीकृत शैक्षिक कार्यक्रम (IEP) सहितका विद्यार्थी लगायत विविध प्रकारका विद्यार्थीहरूको लागि सांस्कृतिक र भाषिक रूपमा उपयुक्त शिक्षणको तयारी र डेलिभरी गर्ने।
- भाषाकेन्द्रित स्क्याफोल्ड (सपोर्ट) मार्फत भाषागत विकासमा सहयोग पुऱ्याउन एकीकृत भाषा र विषयगत शिक्षण गर्ने । सबै विषयगत क्षेत्रमा शैक्षिक प्रगति हासिल गर्न दोभाषे, ESL तथा अन्य विषयगत क्षेत्रका शिक्षकहरू निरन्तर रूपमा उद्देश्यकेन्द्रित भएर सहकार्य गर्ने।
- भाषागत, उमेर/कक्षा अनुसार उपयुक्त, र मूलभूत सिकाइका साझा मानकहरू (CCLS) सँग मेल खाने सामग्री तथा शिक्षण स्रोतहरूको सदुपयोग गर्ने ।
- प्रशिक्षार्थी**हरू**को (ELL) बहु आवश्यकतालाई सम्बोधन गर्नको लागि स्कुल सहयोग सम्बद्ध कर्मचारी तथा समुदायमा आधारित मानवीय स्रोतसँग सहकार्य गर्ने ।

**२. ELL हरूका शैक्षिक, भाषिक, सामाजिक, तथा संवेगात्मक आवश्यकताहरूलाई सम्बोधन गर्ने कुराको निम्नानुसार सुनिश्चित गर्नमा सबै स्कुल बोर्ड र जिल्ला/स्कुलका अगुवाहरू जिम्मेवार छन् :**

- प्रशिक्षार्थी (ELL) विद्यार्थीको शैक्षिक र सामाजिक-संवेगात्मक विकासका उच्च अपेक्षा लगायत विद्यार्थीको सफलताको लागि भिजन (दूरदृष्टि) स्पष्ट पार्ने र त्यसको साथसाथै ELL का आवश्यकताहरूलाई सम्बोधन गर्ने उच्चस्तरीय कार्यक्रमहरू मार्फत कलेज तथा व्यावसायिक तयारीको लागि विभिन्न मार्गहरू उपलब्ध गराउने अर्थपूर्ण कार्ययोजना तयार पार्ने ।
- ELL हरूको लागि उच्चस्तरीय शिक्षण प्रदान गर्ने ।
- आर्थिक तथा मानवीय स्रोतलाई शिक्षण योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने कार्यमा लगाउने र संयोजन गर्ने ।
- शिक्षकहरूको शिक्षण अभ्यासमा सुधार ल्याउन उच्चस्तरीय सहयोग, पृष्ठपोषण र मार्गनिर्देशन उपलब्ध गराउने ।
- सबै विद्यार्थीको भाषा तथा संस्कृतिको पहिचान र सम्मान गर्ने सुरक्षित र समावेशी सिकाइको वातावरण उपलब्ध गराउने ।
- उच्च अपेक्षासहितको स्कुल संस्कार विकास गर्न ELL हरूका आवश्यकतालाई सम्बोधन गर्न जिल्ला तथा स्कुल अगुवाहरूलाई IEP अनुसार प्रशिक्षण दिने ।
- उनीहरूको IEP तथा वर्तमान नीतिहरूलाई ध्यानमा राखी अपाङ्गता सहितका ELL हरूलाई उच्चस्तरीय शिक्षण तथा सहायता सेवाहरू उपलब्ध गराउने ।

**BLUEPRINT FOR ENGLISH LANGUAGE LEARNERS (ELLS) SUCCESS**

**अङ्ग्रेजी भाषा प्रशिक्षार्थीहरू (ELLS) को सफलताको खाका (ब्लुप्रिन्ट)**

३. **निम्नानुसार जिल्ला र स्कुलहरूले अङ्ग्रेजी भाषाका सबै विद्यार्थीहरूलाई कक्षा अनुसार उपयुक्त, शैक्षिक रूपमा सशक्त अनि न्युयोर्क स्टेट प्रिकिन्डर्गार्टन फाउण्डेसन फर कमन कोर एण्ड p-12 कमन कोर लर्निङ स्ट्यान्डर्ड्स अनुरूपको शिक्षण दिलाउनेछन्:**

- निश्चित विषयगत र भाषिक उद्देश्यहरूलाई जोड दिने।
- सुस्पष्ट तथा अन्तर्निहित दुबै खाले अनुसन्धानमा आधारित शब्दावली शिक्षणलाई समाहित गर्ने।
- विद्यार्थीहरूलाई साथीहरूसँग विषयगत छलफल तथा समस्या समाधान गर्ने अवसर प्रदान गर्ने।
- अनुसन्धानमा आधारित शिक्षण अभ्यासलाई रणनीतिक रूपमा प्रयोग गरी शिक्षण योजना तयार पार्ने (उदाहरणको लागि मल्टिमिडिया, दृश्य, ग्राफिक अर्गनाइजर, आदि)।
- अपाङ्गता सहितका (ELLs) प्रशिक्षार्थीहरूका निश्चित शिक्षण आवश्यकतालाई सम्बोधन गर्न विशेष शैक्षिक सहायता, सेवा, निवास तथा विशेष रूपमा तयार पारिएका शिक्षण उपलब्ध गराउने।
- प्रारम्भिक अवस्थाका (ELLs) प्रशिक्षार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्ने र न्युयोर्क स्टेट प्रिकिन्डर्गार्टन फाउन्डेसन फर कमन कोर http://www.p12.nysed.gov/ciai/commoncorestandards/pdfdocs/nyslsprek.pdf अनुरूप हुने उच्च गुणस्तरको पाठ्यक्रमको तयारी, छनोट र कार्यान्वयन गर्ने।
- (ELLs) प्रशिक्षार्थीहरूलाई न्युयोर्क राज्य दोभाषे साझा मूलभूत विकास http://www.engageny.org/resource/new-york-state-bilingual-common-core-initiative को सदुपयोग गरेर रणनैतिक तरिकाले भाषिक विकास सातत्यको दिशामा लगाउन प्राज्ञिक भाषा र विषयगत सहायताको उपयोग गर्ने।

४. **जिल्ला र स्कुलहरूले द्विभाषिता र बाइलिटरेसीलाई** (दोभाषे शिक्षा) **गुणको रूपमा पहिचान गर्दछन्** र सबै विद्यार्थीलाई निम्न सुविधाहरू उपलब्ध गराएर **हाइ स्कुल डिप्लोमा सँगसँगै** सिल अफ बाइलिटरेसी हासिल गर्ने अवसर **उपलब्ध गराउँछन्:**

- अङ्ग्रेजी र अन्य भाषामा दक्षता हासिल गराउने भाषा सिकाइ तथा भाषिक सहयोग कार्यक्रममा सहभागी हुने अवसर ।
- अङ्ग्रेजी र विद्यार्थीको मातृभाषा लगायत अङ्ग्रेजी भाषा बाहेकका अन्य भाषामा प्राज्ञिक भाषा तथा विषयगत ज्ञानको प्रयोग र विकासको अवसर ।
- मातृभाषालाई पनि कायम राखी विकास गर्ने र अङ्ग्रेजी भाषामा पनि दक्षता साथसाथै बाइलिटरेसी हासिल गर्ने लक्ष्य सहित ELL हरूका लागि प्रखर दोभाषे शिक्षा कार्यक्रमहरू ।
- भाषा बोल्नेको सङ्ख्या न्युन रहेको कारणले जिल्लामा दोभाषे शैक्षिक कार्यक्रममा नपरेका मातृभाषा हुने विद्यार्थीहरूका लागि वैकल्पिक मार्गहरू ।

**५. जिल्ला र स्कुलहरूले ELL का सबै अभिभावक तथा परिवारलाई शिक्षामा साझेदारको रूपमा पहिचान गर्दछन् र उनीहरूका बालबालिकाको शिक्षामा निम्नानुसार प्रभावकारी रूपमा संलग्न गराउँछन्:**

- अभिभावकलाई आफ्ना बालबालिकाको शिक्षाको विषयमा सुसूचित निर्णय लिन सघाउने स्रोतहरू उपलब्ध गराउने ।
- अभिभावकहरूलाई उनीहरूले सजिलै बुझ्ने भाषा र फर्म्याटमा उनीहरूका अधिकार र कुनै भाषासम्बन्धी कार्यक्रमका विकल्पहरूसम्बन्धी सबै उपयुक्त जानकारी उपलब्ध गराउने ।
- स्कुलभित्र र बाहिर उनीहरूका बालबालिकाको सिकाइमा सहयोग पुऱ्याउने प्रभावकारी रणनीतिका बारेमा अभिभावकहरूलाई अङ्ग्रेजी र उनीहरूको मातृभाषामा प्रशिक्षण दिलाउने ।
- अभिभावकहरूलाई स्कुल समुदायमा सक्रिय सहभागी, सहयोगी र सांस्कृतिक सम्पर्क व्यक्तिका रूपमा संलग्न गराउने ।
- सबै ELL हरूको शिक्षाको लागि स्कुलले अपनाएका उच्च अपेक्षा (उद्देश्य) हरूलाई अभिभावक तथा परिवारका सदस्यहरू बिचमा आदानप्रदान गर्ने र ती अपेक्षाहरूप्रति प्रयासरत रहन र पूरा गर्ने दिशामा उनीहरूलाई संलग्न गराउने ।
- ELL का परिवारका विभिन्न आवश्यकताहरू सम्बोधन गर्नको लागि स्कुल सहयोगी कर्मचारी र आप्रवासी समुदायमा आधारित संस्थाहरूसँग सहकार्य गर्ने ।

**६. जिल्ला र स्कुल समुदायले निम्नानुसार दोभाषे, ESL, र अङ्ग्रेजी बाहेकका भाषा (LOTE) का शिक्षक तथा सपोर्ट (सहयोगी) कर्मचारीको व्यावसायिक दक्षतामा निम्नानुसार वृद्धि गर्नुको साथसाथै उनीहरूको विशेषज्ञताको लाभ लिन्छन् :**

- शिक्षणको योजना र सहकार्य गर्ने, विद्यार्थीको कार्यको विश्लेषण गर्ने, र कडा किसिमका पाठहरूको विकास गर्ने इच्छा अनुसार सिकाइको अवसर सिर्जना गर्ने ।
- मातृभाषा र नयाँ भाषाको विकास लगायत ELL हरूका आवश्यकतालाई सम्बोधन गर्ने अर्थपूर्ण व्यावसायिक क्षमता विकासमा सबै शिक्षकहरूलाई महत्त्वपूर्ण तथा दिगो अवसरहरू उपलब्ध गराउने ।

**७. जिल्ला तथा स्कुल समुदायले निम्नानुसार ELL का मातृभाषा, सांस्कृतिक संपदा, र पूर्व ज्ञानको लाभ लिन्छन्:**

- मातृभाषालाई शिक्षण पूँजीको रूपमा लिने र विषयवस्तुलाई अर्थपूर्ण र बोधगम्य बनाउँदै मातृभाषालाई पूर्व ज्ञान र नयाँ ज्ञानको बीचमा सेतुको रूपमा प्रयोग गर्ने ।
- ELL हरूका मातृभाषा र संस्कृतिलाई सबै विद्यार्थीको प्रतिष्ठा सम्बन्धी ऐन (NYS को पहलकदमी, जुलाई २०१३ देखि लागू गरिएको), http://www.p12.nysed.gov/dignityact/ अनुरूप विविधताको प्रवर्द्धन गर्नमा उपयोग गर्ने ।

**BLUEPRINT FOR ENGLISH LANGUAGE LEARNERS (ELLS) SUCCESS**

**अङ्ग्रेजी भाषा प्रशिक्षार्थीहरू (ELLS) को सफलताको खाका (ब्लुप्रिन्ट)**

## ८. जिल्ला र स्कुलहरूले ELL हरूको विषयगत ज्ञानको साथसाथै नयाँ भाषा र मातृभाषाको विकास मापन गर्न निम्नानुसार नैदानिक औजार र प्रारम्भिक मूल्याङ्कन अभ्यासहरूको प्रयोग गर्दछन्:

- प्रारम्भिक मूल्याङ्कनको साथसाथै राज्यव्यापी मूल्याङ्कनको पनि प्रयोग गर्ने ।
- ELL हरू भाषिक विकास सातत्यको दिशामा कहाँनेर छन् भन्ने बुझ्न, र उनीहरूको दक्षताको तह अनुसार कसरी उपयुक्त स्क्याफोल्ड (सपोर्ट) प्रदान गर्ने भन्ने बुझ्न भाषिक दक्षतासम्बन्धी राज्यव्यापी डेटा (न्युयोर्क राज्य दोस्रो भाषाको रूपमा अङ्ग्रेजी उपलब्धि परीक्षा [NYSESLAT] र न्युयोर्क राज्य अङ्ग्रेजी भाषाका विद्यार्थीहरूको लागि पहिचान परीक्षा [NYSITELL] बाट) को प्रयोग गर्ने ।
- प्रामाणिक तथा गम्भीर विषयवस्तुभित्र सन्निहित भाषाको जटिल प्रयोग आवश्यक पर्ने प्रामाणिक मूल्याङ्कन विधि लागू गर्ने ।
- अपाङ्गता सहितका ELL हरूको आवश्यकता र प्रगति मूल्याङ्कन गर्न उपयुक्त औजारहरूको उपयोग गर्ने ।
- विषयगत ज्ञान र भाषिक विकासको बारेमा पृष्ठपोषण प्रदान गर्ने विश्लेषणात्मक विधिहरूको प्रयोग गर्ने ।
- शिक्षणको प्रभावकारिताको मूल्याङ्कन गर्न र मातृभाषा प्रयोग गरिएका दोभाषे शिक्षा कार्यक्रममा भएका विकासको अवस्था मूल्याङ्कन गर्न मातृ भाषा परीक्षाको प्रयोग गर्ने ।